# कर्मचारीको कार्य विवरण तथा कार्यसम्पादन सम्झौता

प्रस्तुत विषयमा यस गाउपालिकाको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको प्रमुखको रुपमा तपाइलाई कार्यभार सुम्पिएको छ । पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाले आ.व. २०८०/०८१ मा सम्पादन गर्नुपर्ने तपसिल बमोजिमका कार्यहरु सम्पादन गर्ने गरी यो कार्य विवरण सहितको जिम्मेवारी तोकिएको हुदा तोकिए बमोजिमको जिम्मेवारी सम्पादन गर्नुहुन अनुरोध छ ।

**कामको मुख्य जिम्मेवारी**

- ग्रामिण विकास नीति तथा गाउँपालिकाको दीर्घकालीन सोच अनुरुप गाउँपालिकाको आवधिक रणनीतिक र वार्षिक योजना तर्जुमा गर्न सहयोग र सहजीकरण गर्ने,
- स्थानीयको आवश्यकताको आधारमा यातायात आवास वातावरण तथा फोहोरमैला व्यवस्थापन खानेपानी तथा सरसफाई बजार तथा ढल व्यवस्थापन, नदी नियन्त्रण विद्युतीकरण सम्बन्धी योजनाहरु तर्जुमा गर्न सहयोग गर्ने,
- प्रचलित कानून तथा स्वीकृत नीति अनुसार आयोजनाहरुको पूर्व संभाव्यता र संभव्यता अध्ययन गर्ने गराउने ,
- गाउँपालिकाको ग्रामिण विकास, आवास र सुरक्षित निर्माण तथा पूर्वाधार विकास सम्बन्धी कार्यहरुमा आवश्यक प्राविधिक राय परामर्श सल्लाह र सहयोग उपलब्ध गराउने,
- गाउँपालिकाको भू-उपयोग नक्सा तयार गर्ने, भूउपयोग योजना, भौतिक विकास योजना, नगर यातायात गुरुयोजना तर्जुमा र कार्यान्वयनको व्यवस्था गर्ने गराउने,
- यस क्षेत्रको वस्तुगत विवरण, भौगोलिक सूचना प्रणाली स्रोत नक्सा आदि तयार तथा अद्यावधिक गर्ने गराउने ,
- ग्रामिण विकासको लागि प्रचलित कानून तथा नीति अनुरुप मापदण्ड तयार गरी पेश गर्ने,
- भवन निर्माण सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने/गराउने,
- जग्गा विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने / गराउने,
- गाउँपलिकाको विकासको लागि योजना तर्जुमा गर्दा सन्तुलित तथा व्यवस्थित विकासको लागि भू उपयोग भू एकीकरण र निर्देशित जग्गा विकास जस्ता योजनाहरु सञ्चालन गर्न कार्य योजना तयार गर्ने र स्वीकृति पश्चात आवश्यक कार्य गर्ने,
- ग्रामिण क्षेत्रभित्र हुने तथा भैरहेको अनियन्त्रित बसाइ सराइलाई व्यवस्थित गर्ने,
- एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- गाउँपालिकाभित्र निर्माण हुने भवनको प्रचलित कानून अनुसार नक्सा, प्ररित सिकारिस गर्ने र पारित नक्साअनुसार घर निर्माण भए नभएको अनुगमन र नियन्त्रण गर्ने गराउने तथा नक्सा पास नगरी निर्माण गरेको संरचना भत्काउन आवश्यक कानूनी कारवाही उठाउने,
- गाउँपालिका क्षेत्रको भौतिक पूर्वाधार मठमन्दिर, सडक, नाला, ढल, पार्क चौतारा विद्यालय खुल्लास्थान, पुलपुलेसा, भौतिक विकासको विवरण स्पष्ट देखिने गरी भौतिक नक्सा तयार गर्ने,
- ग्रामिण योजना तर्जुमा र कार्यान्वयनका लागि अन्य सरकारी तथा गैर सरकारी एवं निजी क्षेत्रका सम्बद्ध निकायहरुसँग समन्वय र सहयोग सम्बन्ध विकास र विस्तार गर्ने,
- ग्रामिण सड्क कृषि सडक तथा यातायात सम्बन्धी नीति कानून मापदण्डको कार्यान्वयन तथा नियमनको कार्य गर्ने,

- यातायात सुरक्षा व्यवस्थापन र नियमन स्थानीय सार्वजनिक यातायातको अनुमति नवीकरण खारेजी सेवाको गुणस्तरर नियमनको कार्य गर्ने गराउने,
- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा बैकल्पिक ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन संचालन र नियमन गर्न आवश्यक कार्य गर्ने गराउने,
- सिंचाई सम्बन्धी योजनाको तर्जुमा कार्यान्वयन र मर्मतसम्भार गर्ने, गराउने,
- स्थानीय सार्वजनिक-निजी साझेदारी सम्बन्धी स्थानीय नीति योजना निर्माणमा सहयोग गर्ने र स्थानीय सार्वजनिक निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन गर्ने/गराउने,
- पानीको सुहान संरक्षण तथा स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी व्यवस्था गर्ने/गराउने,
- स्थानीय खानेपानी सम्बन्धी योजना तर्जुमा र कार्यन्वयन गर्ने गराउने,
- भवन निर्माणको ईजाजत अनुसार कार्यान्वयन गराउने र भए नभएको अनुगमन गरी विपरीत कार्य भएकोमा कारबाहीको व्यवस्था गर्ने,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन कार्य गर्ने गराउने,
- सरकारी भवन विद्यालय सामुदायिक भवन सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण न मर्मतसंभारको कार्य गर्ने गराउने,
- प्रगति प्रतिवेदन समीक्षा गर्ने,
- जिम्मामा रहेको रजिस्टर अभिलेख प्रतिवेदन फाइल तथा अन्य सम्पत्तिको दुरुस्त र सही व्यवस्था गर्ने गराउने तथा कर्मचारीहरु सरुवा हुँदा आफ्नो जिम्मामा रहेको सामानहरुको बरबुझारथ गर्ने तथा गर्न लगाउने,
- इकाई अन्तर्गत सम्पादन हुने काम कारवाहीहरु समयमा हुनुपर्ने व्यवस्था गर्ने कार्यसम्पादन हुन नसकेमा सोको पूर्णजवाफदेहिता बहन गर्ने/गराउने,
- इकाई अन्तर्गत सम्पादन गरेको कार्यहरुको प्रगति तथा हासिल गरेको उपलब्धिहरुको विवरण खुलाई चौमासिक रूपमा सबैले देख्ने गरी सूचनामा टाँस्न लगाउने र सम्बन्धित विभाग र निकायमा पठाउने।